म.प.बै.सं. ५४/०८२

## संवत् २०८२ साल चैत १ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः डिजिटल गभर्नेन्स ब्लुप्रिन्ट (Digital Governance Blueprint) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय सतर्कता केन्द्रका प्रहरी वरिष्ठ उपरीक्षक श्री गणेश कुमार श्रेष्ठले पेश गरेको राजीनामा स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः थाइल्याण्डमा आयोजना हुने Governance & Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption-Eradication Strategy विषयक तालिम कार्यक्रमको समापन सत्रमा २०८२ चैत १० देखि १५ गतेसम्म सहभागी हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री नारायणप्रसाद शर्मा दुवाडीलाई स्वीकृति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः नेपालका हिमनदी बेसिन क्षेत्रमा हिमताल बिस्फोटजन्य बाढी (GLOF) तथा जलवायु परिवर्तनजन्य बाढीबाट उत्पन्न जोखिम न्यूनीकरणमार्फत जीविकोपार्जन तथा सम्पत्तिको संरक्षण परियोजनाका लागि हरित जलवायु कोषबाट संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममार्फत प्राप्त हुने दुई करोड बयालिस लाख सतसठ्ठी हजार चारसय सत्ताइस अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः तुम्लिङ्गटार-सितलपाटी २२० के.भी. प्रसारण लाइन आयोजनाको लागि संखुवासभा जिल्लाको राष्ट्रिय वनको जग्गा प्रयोग गरे वापत सोधभर्ना स्वरूप वन तथा भू-संरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गर्ने प्रयोजनको लागि संखुवासभा जिल्ला पाँचखपन न.पा. मा पर्ने करिव २,८४,८०० वर्ग मिटर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरण, दोलखा वितरण केन्द्रको लागि दोलखा जिल्ला, भिमेश्वर नगरपालिकाको करिब तीन रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरण, फर्पिङ प्रशाखाको लागि दक्षिणकाली नगरपालिकामा करिब एक रोपनी निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

८. गृह मन्त्रालयः प्राविधिक समूहतर्फका सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू डा.रुपक महर्जन र ई. संदीप थापाको पदावधि एक वर्ष थप गर्ने।

९. गृह मन्त्रालयः दक्षिण सुडानमा शान्ति स्थापनार्थ सशस्त्र प्रहरी बल, नेपालबाट तैनाथ Formed Police Unit को २०८२ चैत १४ गते आयोजना हुने मेडल परेड कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक श्री राजु अर्याललाई सहभागी हुन स्वीकृति दिने।

१०. गृह मन्त्रालयः २०८३ वैशाख २४ र २५ गते श्रलङ्कामा सञ्चालन हुने Dialogue on Smuggling of Migrants (SOM): Building Common Understanding विषयक कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. लाई सहभागी हुन स्वीकृति दिने।

११. गृह मन्त्रालयः साधारण उपसमूहतर्फका सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू लक्ष्मण वहादुर सिंह र प्रदीप कुमार पालको पदावधि एक वर्ष थप गर्ने।

१२. परराष्ट्र मन्त्रालयः युद्ध प्रभावित पश्चिम एशियाली मुलुकहरूमा समस्यामा रहेका एवं ट्रान्जिटमा अलपत्र परेका नेपाली नागरिकहरूको तत्काल राहत तथा उद्धारको व्यवस्था रियाद, अबुधाबी, दोहा, कुवेत सिटी, मनामा, मस्कट, इस्लामाबाद, कायरो र तेलअबिबमा अवस्थित नेपाली राजदूतावासहरू तथा जेद्दा र दुबईमा अवस्थित नेपाली महावाणिज्यदूतावासहरूले मिलाउने र सो प्रयोजनका लागि आवश्यक बजेट अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराउने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः निर्माणाधिन पूर्व-पश्चिम रेलमार्गअन्तर्गत रौतहटको चोचादेखि रतनपुरसम्मको क्षेत्रभित्रको केन्द्र रेखाबाट दायाँ बायाँ २५/२५ मिटर भित्र पर्ने करिब २७.५६ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः मुग्लिङ-पोखरा सडकअन्तर्गत मुग्लिङदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिङ बजारको पारिपट्टि त्रिशुली किनार (गोरखातर्फ) देखि मर्स्याङदी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत गृहको पारिपट्टि (गोरखातर्फ) सम्म थप सडकको केन्द्ररेखाबाट दायाँ बायाँ १५/१५ मिटर गरी ३० मिटरको सडक सीमाभित्र पर्ने करिब ३.३ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः निर्माणाधीन भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम) अन्तर्गत ट्र्याक खोल्न बाँकी लासिकाफ चेनेज १३५+५०० देखि सिसौल १६८+५०० सम्म ३३ कि.मि. सडकखण्डको दुई लेनमा ट्र्याक निर्माण कार्य नेपाली सेनामार्फत गराउन स्वीकृति प्रदान गर्ने।

१६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः समाज कल्याण परिषदका सदस्य सचिवलाई नेपाल सरकारको विशिष्ट श्रेणी सरहको मासिक पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउने तथा उपाध्यक्ष, कोषाध्यक्ष र अन्य सदस्यलाई नियमानुसार बैठक भत्ता मात्र उपलब्ध गराउने गरी समाज कल्याण परिषदका पदाधिकारीहरूको सेवा, सुविधा तोक्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक ईन्जिनियरिङ समूह, उत्पादन उपसमूहका एकजना महासेनानीको सरुवा गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, उत्पादन उपसमूहका दुईजना प्रमुख सेनानीलाई सोही सेवा, समूह तथा उपसमूहको महासेनानी दर्जामा बढुवा गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका एकजना महासेनानीको पदावधि थप गर्ने।

२०. वन तथा वातावरण मन्त्रालयः सुपर मेलम्ची जलविद्युत आयोजना निर्माणका लागि लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यबर्ती क्षेत्रअन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कूल ११.७८७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२१. वन तथा वातावरण मन्त्रालयः संखुवाखोला जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लामा पर्ने मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र तथा भोजपुर जिल्लामा रहेको राष्ट्रिय वनको जम्मा १०.०९१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२२. वन तथा वातावरण मन्त्रालयः इसुवा खोला क्यास्केड जलविद्युत आयोजना निर्माणका लागि मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यबर्ती क्षेत्रअन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कूल २.२४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२३. वन तथा वातावरण मन्त्रालयः भौतिक पूर्वाधार विकास मन्त्रालय, वागमती प्रदेशलाई बागमती प्रदेशको प्रशासनिक भवन निर्माणको लागि मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिकामा रहेको राष्ट्रिय वनको ३१.०२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२४. वन तथा वातावरण मन्त्रालयः कालिञ्चोक साना जलविद्युत आयोजनाको निर्माणका लागि दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिकामा रहेको गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गतको राष्ट्रिय वन क्षेत्रको जम्मा ४.३१९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामति सेवाका सहसचिव श्री कमान सिंह खत्रीले दिनुभएको राजीनामा स्वीकृत गर्ने।

२६. शहरी विकास मन्त्रालयः प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गतका छ वटा सडक सीमा भित्रका करिब १,३०४.७ वर्ग मिटर निजी जग्गा प्राप्त गर्न तथा उल्लिखित जग्गामा रहेका संरचना क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने।

२७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दीपककुमार खरालले उमेर हदको कारणबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री केशव कुमार शर्मा विडारीले उमेर हदको कारणबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

२९. २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्ले ग्रहण गर्ने।

३०. २०८२ साल फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन एकै चरणमा सफलतापूर्वक सम्पन्न भएको छ। मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकङ्क्षाअनुसार राजनीतिक दल तथा सरोकारवालाहरू सँगको परामर्शसमेतका आधारमा नेपालको संविधानबमोजिम ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नेगरी वर्तमान सरकार गठन भएकोमा तोकिएको समयमै शान्तपूर्ण वातावरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भई जननिर्वाचित प्रतिनिधिले शासनभार सम्हाल्ने अवसर सिर्जना भएको छ। प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा भूमिका निर्वाह गरेकोमा निर्वाचन आयोगलाई धन्यवाद दिने। साथै, यस निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण मतदाता, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा सुरक्षाकर्मी, सञ्चार माध्यम तथा सञ्चारकर्मी, नागरिक समाज, पर्यवेक्षकलगायत निर्वाचन कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैलाई नेपाल सरकारको तर्फबाट धन्यवाद दिने।

३१. निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री माहादेव पन्थलाई राष्ट्रपतिको कार्यालयको सचिव पदमा सरुवा गर्ने।

३२. श्री ओमप्रकाश अर्याल, गुल्मीलाई राष्ट्रिय सभाको रिक्त सदस्यमा मनोनीत गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**म.प.बै.सं. ५५/०८२**

## संवत् २०८२ साल चैत १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ को तेह्रौं संशोधन स्वीकृत गर्ने। सम्माननीय प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा श्री कुमार ब्यञ्जनकार, ललितपुर, राजनीतिक सल्लाहकारमा श्री असिम शाह, काठमाडौं, नीति, प्रशासन तथा सुशासन सल्लाहकारमा श्री सुदीप ढकाल, पाल्पा र सूचना तथा सञ्चार प्रविधि सल्लाहकारमा श्री विवेक मिश्र, महोत्तरीलाई नियुक्त गर्ने।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहरी विकास मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देललाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको समेत थप जिम्मेवारी दिने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः संवत् २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलन तथा यसअघि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण सम्मान एवं हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने।

४. संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेश गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न देहायबमोजिम गर्ने-

(क) उल्लिखित आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो समितिले पेश गर्ने सिफारिसबमोजिम गर्ने।

(ख) अन्यका हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने।

५. परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने।

६. नेपाल सरकारको प्रवक्तामा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई तोक्ने।

७. सरकारका शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची स्वीकृत गर्ने।

**म.प.बै.सं. ५६/०८२**

## संवत् २०८२ साल चैत १६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्रीज्यूको प्रमुख राजनीतिक सल्लाहकारको संयोजकत्वमा कार्यदल गठन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन (चौधौं संशोधन) कार्यविधि, २०८२ स्वीकृत गर्ने।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल कृषि सेवा, मत्स्य समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री बैकुण्ठ अधिकारीको राजीनामा स्वीकृत गर्ने।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सैद्धान्तिक सहमति र नेपाल सरकार, मन्त्रिपरिषद्बाट सिद्धान्त स्वीकृति लिई विधेयक तर्जुमाको प्रक्रियामा रहेका विधेयकको हकमा यसअघि लिएको सिद्धान्त स्वीकृतिलाई नै सिद्धान्त स्वीकृति मानी सबै मन्त्रालयले विधयकको तर्जुमा प्रक्रिया अगाडी बढाउने।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका छजना सहसचिवहरूको सरुवा गर्ने।

६. संवत् २०८२ साल चैत १९ गते बिहीबारका दिन १४:०० बजे संघीय संसद भवन, सिंहदरबारमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**म.प.बै.सं. ५७/०८२**

**संवत् २०८२ साल चैत २२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः Digital Nepal Transformation Project का लागि एसियाली विकास बैंकले प्रदान गर्ने ४० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने।

२. अर्थ मन्त्रालयः Digital Nepal Transformation Project का लागि विश्व बैंकले प्रदान गर्ने ५० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालयः नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने तथा अन्य विषयहरूमा समेत अर्थ मन्त्रालयबाट राय सहमति प्रदान भई निर्णय प्रक्रियामा रहेका विषयमा सम्बन्धित मन्त्रालयहरूले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने प्रयोजनको लागि पुनः अर्थ मन्त्रालयको सहमति लिइरहनु नपर्ने।

४. अर्थ मन्त्रालयः विश्व बैंकबाट दिगो र समावेशी वित्त परियोजनाको लागि प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्न स्वीकृति प्रदान गर्ने।

५. अर्थ मन्त्रालयः प्रदेश सरकार तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँट तथा वित्तीय समानीकरण अनुदानको सीमा स्वीकृत गर्ने।

६. अर्थ मन्त्रालयः विनियोजन ऐन, २०८२ को दफा ११ बमोजिम देहायबमोजिमको आदेश जारी गर्ने-

(क) प्रचलित कानूनअनुसारको खरिद प्रकृयाबाट सिर्जित दायित्व भुक्तानी गर्नको लागि विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (८) को व्यवस्था लागु नहुने।

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी कार्यसूचीको कार्यान्वयन र सिर्जित दायित्व भुक्तानी गर्नको लागि विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (११) को खण्ड (क), (ख) र (घ) का शर्तहरू लागु नहुने।

७. अर्थ मन्त्रालयः विद्युत प्रसारण आयोजनास्थलमा परेका दर्ता नभएका जग्गाबापत भोगचलनकर्तालाई राहत उपलब्ध गराउने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, मेकानिकल समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव (प्रा.) पदमा नियुक्त भएका श्री रामचन्द्र पौडेललाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

९. गृह मन्त्रालयः प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का लागि नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागमा गठन भएका निर्वाचन सेलका कर्मचारीलाई निर्वाचन सुविधा उपलब्ध गराउने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१०. परराष्ट्र मन्त्रालयः मित्रराष्ट्र गणतन्त्र कोरिया, गणतन्त्र भारत, अष्ट्रेलिया, डेनमार्क, दक्षिण अफ्रिका र श्रीलंकाका लागि कार्यरत नेपाली आवासीय राजदूतहरूलाई सो पदको जिम्मेवारीबाट मुक्त गरी तीस दिनभित्र नेपाल फर्किसक्ने गरी फिर्ता बोलाउने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका एकजना सहायक रथीलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका एकजना सहायक रथीलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेनाको मौज्दातबाट नेपाल प्रहरीलाई गोली उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने।

१४. रक्षा मन्त्रालयः २०८३ वैशाख २९ देखि ३१ गतेसम्म मित्रराष्ट्र अमेरिकामा सञ्चालन हुने Land Forces of the Pacific Symposium and Exposition (LANPAC२६) कार्यक्रममा उपरथी श्री किरण के.सी. लाई सहभागी हुन स्वीकृति दिने।

१५. रक्षा मन्त्रालयः सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२ को मस्यौदामा लोक सेवा आयोगसँग परामर्श लिन स्वीकृति प्रदान गर्ने।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायहरूलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

१८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष श्री धर्मेन्द्र झाको राजीनामा स्वीकृत गर्ने।

१९. संवत् २०८२ चैत २३ गते सोमबारबाट लागु हुने गरी सरकारी कार्यालय, सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने। शैक्षिक संस्थाबाहेक उल्लिखित कार्यालय तथा निकायहरूको कार्यालय समय ९:०० देखि ५:०० बजेसम्म हुने। साथै, कात्तिक १६ देखि माघ १५ गतेसम्मको कार्यालय समय ९:०० देखि ४:०० बजेसम्म कायम गर्ने।

२०. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री मधुसुदन बुर्लाकोटीलाई सचिव (उद्योग), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सचिव, निर्वाचन आयोगमा र श्री कृष्णबहादुर राउतलाई सचिव, निर्वाचन आयोगबाट सचिव (उद्योग), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सरुवा गर्ने।

२१. पेट्रोल तथा डिजेल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्न आवश्यक कानूनी व्यवस्था मिलाउने।

२२. संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८२ साल चैत २७ गते शुक्रबारका दिन १५:०० बजे सम्बोधन हुन र त्यसका लागि संघीय संसदका माननीय सदस्यहरूको उपस्थिति आह्वान गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**म.प.बै.सं. ५८/०८२**

## संवत् २०८२ साल चैत २४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा डा.गुणाकार भट्ट, डोटीलाई नियुक्त गर्ने।

२. अर्थ मन्त्रालयः बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजना कार्यान्वयन गर्न विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाले प्रदान गर्ने ८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने।

३. अर्थ मन्त्रालयः पेट्रोल, डिजेल र मट्टीतेलको पैठारीमा लाग्दै आएको भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री किरण पण्डितलाई नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर पदमा नियुक्त गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ललितपुर, पुल्चोकमा रहेको जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रलाई ललितपुर, गोदावरीमा उक्त केन्द्रकै स्वामित्वमा रहेको भवनमा स्थानान्तरण गरी जल तथा ऊर्जा आयोगको सचिवालयको कार्यालयलाई हाल जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र रहेको भवनमा स्थानान्तरण गर्न स्वीकृति प्रदान गर्ने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः चालु आर्थिक वर्ष २०८२/८३ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धान बालीको प्रति क्वीन्टल रू.२८५६.४९/- न्यूनतम समर्थन मूल्य तोक्ने तथा १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रति क्वीन्टल १,२०० ग्रामका दरले घटाई हुन आउने तौल कायम गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः चालु आर्थिक वर्ष २०८२/८३ को लागि गहुँ बालीको न्यूनतम समर्थन मूल्य रु.३९४५/- प्रति क्वीन्टल निर्धारण गर्ने।

८. परराष्ट्र मन्त्रालयः २०८२ चैत २६ देखि २०८३ बैशाख १ गतेसम्म मौरिससमा आयोजना हुने नवौं Indian Ocean Conference 2026 सम्मेलनमा सहभागी हुन परराष्ट्र मन्त्रीलाई स्वीकृति प्रदान गर्ने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्री श्रीमण कुमार गौतम र सदस्य श्री ललिता कुमारी महर्जन एवं श्री ध्रुव आचार्यको राजीनामा स्वीकृत गर्ने।

१०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नागढुङ्गा सुरुङमार्ग आयोजनाको लागि पश्चिम खण्डमा पर्ने धुनिवेसी नगरपालिकामा रहेको करिब ९ रोपनी निजी जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः पासाङल्हामु राजमार्गको बेत्रावती-धुन्चे-स्याफ्रुवेशी सडक खण्डको लागि उत्तरगया गाउँपालिकामा रहेको करिब २ रोपनी निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

१२. वन तथा वातावरण मन्त्रालयः काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना निर्माणका लागि काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिका; ललितपुर जिल्लाको गोदावरी नगरपालिका र बागमती गाउँपालिका; मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका, भिमफेदी गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (सन् २०२२-२०३२) राष्ट्रिय कार्य योजना स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

१४. संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८२ साल चैत २७ गते शुक्रबार राति १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१५. वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने।

१६. देहायका व्यक्तिहरूलाई राष्ट्रिय योजना आयोगको सदस्य पदमा नियुक्त गर्ने-

(क) श्री अर्जुन जङ्ग थापा, पाल्पा
(ख) प्रा.डा. सञ्जय आचार्य, काठमाडौं
(ग) डा. देवेन्द्र गौचन, काठमाडौं
(घ) श्री रेशू अर्याल, काठमाडौं
(ङ) प्रा.डा. सुदन झा, काठमाडौं
(च) डा. पुकार मल्ल, ललितपुर।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।